NATIONAL BANKING INSTITUTE

"The Banking Academy Of Nepal"

वित्तीय साक्षरता

NBI वित्तीय साक्षरता सचेतना कार्यक्रममा तपाईँलाई स्वागत छ

NATIONAL BANKING INSTITUTE
“The Banking Academy Of Nepal”

आवश्यकता र चाहना

- मानिसहरुका धेरै आवश्यकता र चाहनाहरु हुन्छन् । तिनलाई पूरा गर्ने मुख्य माध्यम वा साधन नै पैसा हो । तर आफूसँग भएको पैसालाई तरिका मिलाएर खर्च गर्न जानिएन र कमाउने उपाय पनि खोजिएन भने ती आवश्यकता तथा चाहनाहरु पूरा गर्न सकिदैन । त्यसैले सबै मानिसले वित्तीय साक्षरताको ज्ञान लिनु अति जरुरी छ ।

आवश्यकता तथा चाहना पूरा गर्ने उपायहरु

- सकारात्मक सोच राख्ने
- समयको राम्रो उपयोग गर्ने
- कडा परिश्रम गर्ने
- आफूसँग भएको आम्दानी वा पैसाको सही उपयोग गर्ने
- आम्दानी वृद्धिका उपायहरु खोज्ने

वित्तीय साक्षरता के हो ?

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- पैसाको सही तरिकाले प्रयोग गर्न सिकाउने ज्ञान सीप

- यो सही वित्तीय निर्णय गर्न सघाउने शिक्षा
- यो वित्तीय संस्थाहरुले दिने सेवा सुविधाहरुको सही प्रयोग गर्न सिकाउने माध्यम
- वित्तीय सेवा उपभोगको अधिकार तथा कर्तव्यको बारेमा जानकारी दिने शिक्षा

वित्तीय साक्षरता भित्र समेटिने मुख्य विषयहरु

nbi
NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- वित्तीय लक्ष्य निर्माण
- वचत
- ऋण
- बजेट
- बीमा
- विप्रेषण आदि ।

वित्तीय साक्षरताको उद्देश्य

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- विवेकपूर्ण तरिकाले पैसाको प्रयोग गर्न सक्ने ज्ञान सीप बढाउनु ।
- अल्पकालीन र दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउनु ।
- उपयुक्त वित्तीय सेवाहरू छनौट र प्रयोग गर्न सक्ने क्षमता विकास गर्नु ।
- भविष्यमा आउन सक्ने जोखिमहरूका लागि तयारी वा योजना गर्न सक्ने ज्ञान र सीप प्रदान गर्नु ।
- मानिसमा असल वित्तीय व्यवहारको विकास गर्नु ।

वित्तीय साक्षरताको महत्व

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- मानिसलाई आफ्नो पैसा वा सम्पत्तिलाई राम्रोसँग परिचालन गर्ने ज्ञान, सीप सिकाउँछ ।
- आफ्नो जीवनकालमा गर्नुपर्ने खर्चहरुको योजना गर्न सिकाउँछ ।
- बचत गर्न ,ऋणको उपयोग गर्न र कुनै व्यवसाय गरी आम्दानी बढाउन सिकाउँछ ।
- वित्तीय सेवा सम्बन्धी आवश्यक सूचनाहरू प्रदान गरी मानिसहरूलाई उपयुक्त सेवा छनोट गर्ने क्षमता प्रदान गर्छ र गलत सेवा प्रदायकको छनोटबाट हुनसक्ने हानी, नोक्सानीबाट बचाउँछ ।
- वित्तीय सेवाप्रदायकहरूलाई सेवा विस्तार गर्ने अवसर दिन्छ सेवाहरुको गुणस्तर विकास गर्न सचेत गर्छ ।

साक्षरता कस-कसको लागि आवश्यक छ ?

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- महिला /गृहिणी : महिलाहरुले घर व्यवस्थापन वा परिवारको चाँजापाँजो मिलाउने कुरामा बढी जिम्मेवारी पूरा गर्न पर्ने हुनाले महिलाहरुको लागि आवश्यक छ ।
- यूवा : यूवाहरु उर्जाशील हुन्छन् । उनीहरुलाई पहिलेदेखि नै भविष्यको आर्थिक योजना बनाउने र सही तरिकाले खर्च गर्ने वा वित्तीय अनुशासनमा रहने तरिका सिकाएमा भविष्य उज्वल बनाउन सकिन्छ ।
- बालबालिका : बालबालिकालाई सानैदेखि बचत गर्ने बानीको विकास गराएमा उनीहरुले भविष्यका आफ्ना आवश्यकता र चाहनाहरुलाई सजिलै पुरा गर्न सक्दछन् ।
- विपन्न वर्ग :आर्थिक श्रोत साधन कम हॅन्ने विपन्न वर्गलाई ठिक तरिकाले परिचालन गरी जीवकालाई सजिलो बनाउन र आम्दानी बढाई आर्थिक अवस्थामा सुधार ल्याउन मद्दत हुन्छ ।

धनी मानिसहरुलाई आफ्नो जीनवस्तर कायम राख्न सम्पत्ति बढाउँदै लैजान यो आवश्यक छ । वित्तीय संस्थाहरुलाई पनि आफ्ना सेवाहरुको गुणस्तर बढाउन र धेरै मानिसमा आफ्ना सेवाहरु पुर्याउन यसले मद्दत गर्छ ।

वित्तीय साक्षरताले सिकाउने मुख्य कुराहरु :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- आम्दानी खर्चको लेखाजोखा तथा पुर्व अनुमान गर्नुहोस् ।
- बचत गर्नुहोस्, सकेसम्म धेरै बचत गनुहोस् । जीवनचक्रको आधारमा वित्तीय आवश्यकताहरुको पहिचान गर्नुहोस् ।
- मितव्ययी बन्नुहोस् , साधारण जीवनपद्धति अँगाल्नुहोस् ।
- असल वित्तीय व्यवहार सम्पन्नता र सुखको आधार हो भन्ने विश्वास गर्नुँहोस् ।
- आफ्नो बजेट बनाउनुहोस् र बजेट भित्र बस्नुहोस् ।
- पैसा कहाँ गयो होईन अब कहाँ लाने भन्ने सोच्नुहोस् ।
- कति पैसा कमाईयो भन्ने भन्दा पनि कति जोगाईयो भन्ने कुरा महत्वपुर्ण कुरा हो भन्ने बुझ्नुहोस् ।

क्रमशः

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- पैसा जीवनका सपनाहरु पुरा गर्न सघाउने आधार हो भन्ने बुझ्नुहोस् ।
- अकस्मात आईपर्न सक्ने वित्तीय चुनौतिहरु समाधान गर्न बिमा गर्नुहोस् ।
- वित्तीय स्रोतहरुलाई विभिन्न क्षेत्रमा लगाउनुहोस् यसो गर्दा सुरक्षित हुन्छ ।
- हरेक कुराको लागत र उपलब्धि दाज्नुहोस् ।
- पैसाको सही व्यवस्थापन गर्न सिक्नुहोस् ।
- असल वित्तीय व्यवहार सम्पन्नता र सुख प्राप्तिको आधार हो भन्ने बुझ्नुहोस् ।

वित्तीय लक्ष्य र महत्व

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

आफ्ना जीवनचक्रका आवश्यकताहरू पूरा गर्न पैसाको योजना गर्नु वित्तीय लक्ष्य हो । यो भविष्यको आर्थिक योजना पनि हो ।

- वित्तीय लक्ष्यहरू छोटो समयमा नै पुरा गन सकिने (अल्पकालीन)केही लामो समय लाग्ने(मध्यकालीन) र अलि धेरै समय लाग्ने(दीर्घकालीन) हुन्छन् ।
- यसले पहिल्यै नसोचिएका आकस्मिक खर्चहरूको लागि योजना गर्न पनि सहयोग गर्छ ।
- मानिसमा भविष्यको सोच गर्ने र सो अनुसार काम गर्ने बानी विकास गर्छ ।
- खर्चका प्राथमिकताहरू निर्धारण गर्न सहयोग गर्छ ।
- खर्च र बचतमा अनुशासित बनाउँछ र आफ्नो आम्दानी र खर्चको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ ।

जीवनलाई सुखी र सम्पन्न बनाउन सबै मानिसले आफ्नो वित्तीय लक्ष्य बनाउनु पर्दछ । वित्तीय लक्ष्य बनाउँदा आफ्ना जीवनचक्रका आवश्यकताहरुलाई ध्यान दिनु पर्दछ ।

हाम्रो जीवन चक्र तथा यसका आवश्यकताहरु

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

बचत

- भविष्यको उपयोगका लागि वर्तमानमा खर्च नगरी छुट्याएर राखिएको पैसा बचत हो ।
- हातमा पैसा हुँदा भए जति पैसा खर्च गर्ने बानीबाट बच्न बैंक तथा वित्तीय संस्थामा खाता खोलेर राखिएको रकम बचत हो ।
- बचत सम्पत्ति बढाउने एउटा तरीका हो ।



बचतको महत्व

- बचत गर्ने बानीले अनावश्यक खर्चहरूबाट जोगाउँछ ।
- आफ्ना जीवनका विभिन्न आवश्यकताहरू पूरा गर्न, जस्तै : जन्म, पढाइ, विवाह, बृद्ध अवस्था आदिमा बचतले ठूलो सहयोग गर्छ ।
- बिरामी पर्दा, वृद्ध अवस्था हुँदा काजकिरिया तथा अन्य आकस्मिक अवस्था आइपर्दा बचतलाई प्रयोग गर्न सकिन्छ ।
- सम्पत्ति बढाउन व्यवसाय सुरु गर्न र व्यवसाय बढाउन पनि बचतले मद्दत पुर्‍याउँछ ।
- भविष्यको आर्थिक सङ्कट टार्न बचतले सहयोग गर्छ ।
- बचतले खर्चमा अनुशासित हुन सिकाउँछ र भविष्य सोच्ने बानी विकास गर्छ ।
- बचतले आफ्नो वित्तीय लक्ष्य पूरा गर्न मद्दत गर्दछ ।

बचत

INCOME
INCOME
आम्दानी
अनावश्यक
आवश्यक
जुवातास
GAMBLING
LUXURIOUS GOODS
बिलासी सामान
MARRIAGE
विबाह
SICKNESS
बिरामी
CLOTHES
कपडा
FOOD
खाना
HOUSE
घर
EDUCATION
शिक्षा
NATURAL CALAMITIES
प्राकृतिक प्रकोप
PILGRIMAGE
तिर्थ यात्रा
TOBACCO
खैनीचुरोट
LIQUOR
जाँडरक्सी
ALCOHOL

वास्तविक बचतको तरिका कुन हो ?

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

आम्दानी - खर्च = बचत, **आम्दानी - बचत = खर्च**

बचतको योजना

आफ्ना वित्तीय लक्ष्यहरु पूरा गर्न कुन समयमा कति पैसा चाहिन्छ त्यसको लागि हरेक महिनामा कति बचत गर्नुपर्ला भनी बनाइएको योजना नै बचतको योजना हो । योजना बनाएर बचत गर्दा सजिलो हुन्छ । बचत योजना गर्दा तलका कुराहरुमा ध्यान दिनुपर्दछ :

१)आफ्ना आम्दानीका स्रोतहरुको जानकारी राख्ने ।

२)आफ्ना वित्तीय लक्ष्यहरुको ख्याल गर्ने ।

३)खर्चहरुलाई कुन अति आवश्यक हो कुन ऐच्छिक हो कुन फजुल खर्च हो भनि चाल पाउने ।

बचतको योजनाको उदाहरण:

वित्तीय लक्ष्य	आवश्यक कूल रकम	आवश्यक पर्ने समय	प्रति महिना आवश्यक बचत
छोराछोरीको पढाई खर्च	४८००/-	१२ महिना	४००/-
व्यवसाय विस्तार :			
तरकारी खेती	८,०४०/-	१ वर्ष पछि	६७०/-
गाई पालन	३६,०००/-	१८ महिना पछि	२०००/-
पक्की घर निर्माण	१,२०,०००/-	५ वर्षमा	२,०००/-
जग्गा खरिद	७५,६००/-	६ वर्षमा	१,०५०/-
जम्मा आवश्यक रकम	२,३९,६४०/-		प्रतिमहिना आवश्यक ५,७२०/-

बचतले मात्र आफ्ना सबै वित्तीय वर्ष आवश्यकताहरु पुरा हुन सक्दैनन् त्यसका लागि थप आम्दानी हुने बाटोहरु पनि खोज्नु पर्दछ ।

बचत गर्ने केही उपायहरु :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- हरेक आम्दानीको केही भाग बचतको लागि छुट्याइहाल्ने ।
- थप आम्दानी भएको बेला अझ धेरै बचाउने ।
- बचतको योजना र बजेट बनाएर मात्र खर्च गर्ने ।
- खर्च बचाउन कुनै बस्तु किन्दा सकेसम्म सस्तो वा थोक(होलसेल)मा किन्ने ।
- घटाउन सकिने घरायसी केही खर्च भए घटाउने ।
- खर्चमा अनुशासन कायम गर्ने, आवश्यक मात्र खर्च गर्ने र आम्दानी भन्दा कम खर्च गर्ने ।
- ऐच्छिक खर्चहरू बन्द गर्ने, जस्तै : रक्सी, चुरोट, बिनाकाममा बजार जाने, मनोरञ्जन,घुमघाम आदि ।
- चाडपर्वहरूको खर्चलाई भड्किलो नबनाउने,सकेसम्म खर्च घटाउने र बचत गर्ने ।
- जतिसक्यो छिटो ऋण तिर्ने र बचत बढाउँदै लैजाने ।

खर्च बचाउनु पर्छ भन्ने आफूलाई लागेमा वा अठोट भएमा पैसा बचाउन सक्ने धेरै उपायहरु छन् ।

बचत खाताका फाइदाहरू:

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

१.नियमित बचत खाता:

यो नियमित रूपमा (दैनिक, साप्ताहिक, मासिक) गरिने बचत हो । आफूलाई आवश्यक पर्दा झिक्न सकिन्छ र ब्याज पनि बढी पाइन्छ ।

२.चल्ती बचत खाता

यो चल्ती खाता हो । यसमा ब्याज पाइँदैन तर आकस्मिक र नसोचेको अवस्था आइपर्दा खातामा सञ्चित भएजति रकम नै प्रयोग गर्न सकिन्छ ।

३.मुद्दति वा आवधिक बचत खाता

यो निश्चित अवधि तोकेर गरिने वचत हो । यसमा ब्याजदर र बचतको अवधि पहिले नै तोकिएको हुन्छ । यसमा ब्याजदर धेरै हुन्छ ।

यी सबै बचतहरुमा पाकेको ब्याजबाट नेपाल सरकारको नियमानुसार ब्याजकर कट्टी गरिन्छ ।

बचत गर्न सकिने संस्थाहरु

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

बचत राख्ने दुईवटा ठाउँ छन् : एउटा औपचारिक बचत सेवा प्रदायकहरु र अर्को अनौपचारिक बचत सेवा प्रदायकहरु ।

१.**अनौपचारिक सेवा प्रदायकहरु :** दर्ता नभएका वा सरकारबाट नियमन नगरिने बचत सेवाप्रदायकहरु अनौपचारिक हुन् । जस्तै : घरै राखिने वा समूहमा गरिने बचत, साहूहरू, ढुकुटी आदि । यिनमा बचत असुरक्षित हुन्छ ,कसैले बदमासी गरिदिन सक्छ ।

२.**औपचारिक सेवा प्रदायक हरु :** दर्ता गरिएका वा सरकारबाट नियमन गरिने बचत सेवाप्रदायकहरु औपचारिक हुन् । जस्तै : सहकारीहरू, बैंक, लघुवित्त संस्थाहरू, बिमा कम्पनी आदि । यिनमा गरिने बचत सुरक्षित हुन्छ, तोकिए अनुसार राम्रो व्याज पाइन्छ ।

ऋण

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

एक निश्चित अवधी पछि ब्याज सहित फिर्ता दिने शर्तमा लिइएको रकम ऋण हो । कुनै निश्चित काम गर्दा आफूसँग भएको पैसाले पुगेन भने मानिसले ऋण लिन्छन् । आफ्ना विभिन्न आवश्यकताहरु पूरा गर्न मानिसहरुलाई ऋण आवश्यक पर्दछ । ऋण एक हिसाबले सुविधा र अवसर पनि हो ।

ऋणको महत्व :

- कुनै व्यवसाय सञ्चालन वा अन्य कुनै काममा आफूसँग भएको पैसा वा आम्दानीले पुगेन भने थप एकमुष्ट पैसा पाउन ऋणले सहयोग गर्दछ ।
- कुनै आकस्मिक अवस्थामा पैसा चाहिएको बेला समस्या टार्न ऋणले मद्दत पुऱ्याउँछ ।
- उत्पादनमूलक काम वा कुनै आम्दानी बढ्ने कामको लागि लिइएको ऋणले पारिवारिक सुख निम्त्याउँछ ।
- ऋणले नयाँ नयाँ व्यवसाय सञ्चालन गर्न र सफलताको लागि चुनौति लिन सिकाउँछ ।

ऋृण लिने कारणहरु:

NATIONAL BANKING INSTITUTE

- व्यापार व्यवसायमा लगानी गर्न

- आपतकालिन स्थितिको सामना गर्न

- उपभोग गर्न

ऋण लिनु अघि ध्यान दिनुपर्ने कुराहरू :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- ऋणका बारेमा परिवारमा छलफल गर्नुपर्छ ।
- के कामका लागि ऋण लिने हो र कति लिने हो, विचार गर्नुपर्छ ।
- ऋणका लागि के-के कागजातहरू चाहिन्छन् जानकारी लिनुपर्छ ।
- ऋण तिर्ने स्रोतहरु के के हुन सक्दछन् ,त्यसको लेखाजोखा गर्नुपर्छ
- व्यवसाय बिग्रेमा वा आकस्मिक अवस्था आइपरेमा तिर्ने वैकल्पिक उपाय के हुन सक्दछन्, त्यसको बारेमा पनि सोच्नुपर्छ ।

असल ऋण र खराब ऋण :

- **असल ऋण** :उद्देश्य स्पष्ट भएको,उद्देश्य अनुसार नै उत्पादनमूलक काममा लगानी गरिएको,समयमा भुक्तानी गरिएको ऋण असल ऋण हो । असल ऋणले नाफा कमाउन र मानिसको सम्पत्ति बढाउनमा ठूलो सहयोग गर्छ ।
- **खराव ऋण** :उद्देश्य स्पष्ट नभएको, उद्देश्य अनुसार खर्च नगरी अन्य काममा लगानी गरिएको,ऋणको सावाँ, ब्याज समयमा नतिरिएको ऋण खराब ऋण हो । यसले झन् बोझ तनाव, बढाउँछ, र गरिबीतिर धकेल्छ ।

ऋण दिने व्यक्ति वा संस्थाहरु :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- **औपचारिक**

  दर्ता गरिएका वा सरकारबाट अनुगमन नियमन गरिएका ऋणसेवा प्रदायकहरु औपचारिक हुन् । जस्तै : वित्तीय सहकारीहरू, बैंक, लघुवित्त संस्थाहरू, बिमा कम्पनी आदि । यस्ता संस्थाबाट ऋणकारोवार गर्दा ठगिइने हुँदैन ,यिनीहरु नीति नियम अनुसार चलेका हुन्छन् ,व्याजदर पनि ठीक्क हुन्छ ।

- **अनौपचारिक**

  दर्ता नभएका वा सरकारबाट अनुगमन नियमन नगरिने ऋणसेवा प्रदायकहरु अनौपचारिक हुन् । जस्तै :साहू महाजन, साथीहरु,नातागोता आदि । यिनीहरुबाट ऋण कारेवार गर्दा ठगिइन सकिन्छ । यिनीहरु कुनै निश्चित नियम अनुसार चलेका हुँदैनन् र व्याजदर पनि चर्को हुन्छ ।

ऋण लिँदा ध्यान दिनु पर्ने कुराहरु:

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- **ऋण रकम :** के संस्थाले तपाईंले चाहेजति ऋण दिन्छ ? के आफूले चाहेजति ऋण पाउने सुविधा छ ?
- **ऋण समय** : कति समयमा ऋण भुक्तानी गर्नुपर्छ ? के तोकिएको समयमा ऋण तिर्न पुग्ने पैसा आफूसँग हुनसक्छ ?
- **किस्ता सङ्ख्या** : ऋण एकमुष्ट वा किस्ताबन्दीमा बुझाउने हो ? किस्ताबन्दी भए कति किस्तामा छ ? के आम्दानीले किस्ताको ऋण तिर्न पुग्ला ?यदि नसोचेको अवस्था आइपऱ्यो भने ऋणको किस्ता तिर्ने अरु कुनै उपाय छ ?
- **ब्याजदर र ऋणको लागि तिर्नपर्ने शुल्कहरू** : के ब्याजदर र ऋणको लागि तिर्नपर्ने शुल्क अन्य वित्तीय संस्थाहरू वा ऋणका अन्य स्रोतभन्दा तुलनात्मक रूपमा चित्तबुझ्दो छ ?
- **ऋणको अन्य खर्च** : ऋण लिन जाँदा लाग्ने यातायात खर्च, समय, समूह बैठकको लागि समय आदि जस्ता अन्य अप्रत्यक्ष खर्चहरू कति लाग्छ

क्रमशः

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

जरिवाना : यदि सयमा ऋण तिरिएन भने कति कति जरिवना तिर्नुपर्छ ?

- **ऋणको प्रयोग :** के ऋणलाई तोकिएकै काममा प्रयोग गर्नुपर्ने बाध्यता छ ? यदि ऋण घरायसी खर्चको लागि लिइएको हो भने तिर्नको लागि अरु उपाय के छ ? यदि ऋण व्यवसायिक कामका लागि लिइएको हो भने व्यवसाय बिग्रेर सोचेजति कमाउन नसकेमा ऋण तिर्ने अन्य कुनै स्रोत छ ?
- **छुट अवधि** : ऋण लिएपछि पहिलो किस्ता तिर्नुअगाडि कति समय छुट छ ?
- **चुनौती समाधानको प्रक्रिया** : ऋण अवधिमा परिवारमा कोही विरामी परेमा, मृत्यु भएमा वा अन्य कुनै दुर्घटना पर्न गएको अवस्थामा भुक्तानी गर्ने उपाय सम्बन्धमा के सोच छ ?
- **हैसियत हेरी ऋण लिने** : ऋण लिँदा आफ्नो हैसियतलाई ध्यान दिनुपर्छ । पहिलै यदि कुनै अन्य ठाउँबाट ऋण लिइएको छ भने ऋण लिनुअगाडि धेरै पटक सोच्नुपर्छ । ऋण तिर्नुपर्दा बचत गर्ने पैसा कम हुनसक्छ । त्यसैले ऋण घटाउँदै जाँदा खर्च पनि घट्दै गएर बचत धेरै हुन्छ ।

भाका नाघेको ऋणको व्यवस्थापन गर्ने केही उपायहरू:

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- ऋण तिर्न नसक्नुको वास्तविक कारण आफ्नो कमजोरी हो अथवा कुनै अन्य जोखिम वा प्राकृतिक प्रकोप आदिको कारण हो, त्यसको राम्ररी विश्लेषण गर्ने ।
- इमान्दारिता पूर्वक ऋण सेवा प्रदायकलाई आफूले ऋण तिर्न नसक्नाको कारण बताउने र निश्चित समयमा तिरिसक्ने कुरा जानकारी गराउने ।
- ऋणको किस्ता तिर्ने समय र किस्ता तिर्न लाग्ने पैसाको राम्रो ख्याल गर्ने ।
- खर्चमा मितव्ययी र अनुशासित हुने ।
- आम्दानी बढाउने विभिन्न कामको थालनी गर्ने र बढी परिश्रमपूर्वक काम गर्ने ।
- अन्य खर्चहरू कटाएर भए पनि ऋण तिरिहाल्ने ।



अव्यवस्थित एवम् अति ऋणले ठूलो आर्थिक बोझ वा तनाव व्यहोर्नुपर्दछ ।

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

बजेटः

एउटा निश्चित अवधिको आय व्ययको अनुमानित विवरण नै बजेट हो । बजेट गरिब वा धनी सबैको लागि पैसाको राम्रो व्यवस्थापन गर्ने उपयोगी साधन हो ।

बजेटका फाइदाहरू :

- बजेटले आम्दानी र खर्चका स्रोतहरूको पहिचान गर्न र आम्दानी कहाँ कहाँ खर्च हुन्छ भनेर थाहा पाउन मद्दत गर्दछ ।
- आम्दानीलाई विभिन्न शीर्षकमा बाँडफाँड गर्न र अनावश्यक खर्च कटौती गर्न मद्दत गर्दछ ।
- कति खर्च गर्ने र कति बचत गर्ने भन्ने निर्णय गर्न सघाउँछ ।
- भविष्यको योजना गर्न र आफ्ना वित्तीय लक्ष्यहरू पूरा गर्न सघाउँछ ।
- आफ्नो पैसाको राम्रो व्यवस्थापन गर्न सहयोग गर्छ ।

बजेट निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू :

- बजेट बनाउनु भन्दा पहिले आफ्नो आम्दानी के के बाट हुन्छ ? के के मा खर्च हुन्छ ? त्यसको हिसाब किताब गर्नुपर्दछ ।
- आफ्ना आवश्यकताहरूको वर्गिकरण गर्नु पर्दछ र कुन चाहिँ पहिला पूरा गर्नुपर्ने हो त्यसलाई प्राथमिकतामा राख्नु पर्दछ ।
- बजेट आफ्नो अवस्था अनुसार यथार्थ हुनु पर्दछ ।
- बजेट बनाउँदा नियमित रूपमा गर्नुपर्ने बचत र ऋणको भुक्तानीलाई विर्सनु हुँदैन ।
- बजेट बनाउँदा आफ्ना वित्तीय लक्ष्यहरुलाई ध्यान दिनु पर्छ ।

खर्च भन्दा आम्दानी बढी भएको बजेट राम्रो बजेट हो ।

मासिक बजेटको एउटा उदाहरण :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

मासिक आम्दानी :	रकम रु.
चिया पसल	२,०००
दूध बिक्री	१,५००
आफन्तले पठाउने विप्रषण	२,०००
जम्मा	**५,५००**
मासिक खर्चको अनुमान :	**रकम रु.**
बालबच्चाको स्कुल फिस	५००
गाई बाखाको दाना	६००
खाद्य सामाग्री	३०००
मोबाईल रिचार्ज	५००
जम्मा	**४,६००**
मासिक नगद बचत	**९००**

बजेटभित्र बस्ने उपायहरुः

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- सँधैं योजना अनुसार खर्च गर्ने बानी बसाल्ने,खर्चमा अनुशासन कायम गर्ने ।
- आकस्मिक खर्चका निम्ति केही रकम नियमित रुपमा छुट्याउने ।
- अनावश्यक बस्तुहरु (मादक पदार्थ, बिलासिताका सामानहरु)को उपभोग नगर्ने वा कम गर्ने ।
- आफूले गरेको खर्चको दैनिक हिसाब राख्ने ।
- आफ्नो सहज पहुँच भएको स्थानमा पैसा नराख्ने ।
- कुनै शीर्षकमा बढी खर्च भएमा अर्को शीर्षकमा कम खर्च गर्ने ।
- बजेट बनाउने र बजेटको पालना गर्ने कुरामा परिवारका सदस्यहरुसँग छलफल गर्ने ।

जोखिम र न्यूनीकरणका उपायहरु :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

कुनै कारणबाट हुन सक्ने सम्भावित हानी वा नोक्सानी जोखिम हो ।

- दुर्घटना
- प्राकृतिक प्रकोप
- बिरामी पर्नु
- जागिर गुम्नु
- व्यापार व्यवसायमा मन्दी आदि

  जोखिम हुन् ।

जोखिमका असर :

जोखिमले आर्थिक भार बढाउनु को साथै शारीरिक र मानसिक दु:ख हुन्छ ।

जोखिम न्यूनीकरण वा सामना गर्ने उपायहरु :

१.सुरक्षात्मक उपाय अर्थात पहिले नै ध्यान दिन सकिने उपायहरु :

क) सावधानी अपनाउने

ख) आकस्मिक अवस्थाको लागि छुट्टै बचत खाता खोल्ने ।

ग) बीमा गर्ने

२.प्रतिक्रियात्मक उपायहरु अर्थात घटना घटिसकेपछि अपनाउन पर्ने उपायहरु

क) ऋण लिने

ख) सम्पत्ति भए बेच्ने

ग) बढी परिश्रम गर्ने

बीमा:

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

कुनै आकस्मिक दुर्घटना पर्न गएमा निश्चित शर्तको आधारमा बीमा कम्पनीबाट पूरै वा आंशिक क्षति बेहोरिदिने व्यवस्थालाई बीमा भनिन्छ। यसका लागि बीमा गर्ने व्यक्तिले बीमा कम्पनीलाई नियमित रूपमा बीमा शुल्क (प्रिमियम) बुझाउनु पर्दछ।

बीमाको महत्त्व :

- बीमाले अचानक आइपर्ने विपत्तिबाट पर्ने समस्याबाट बच्न ठूलो मद्दत गर्दछ।
- जीवन बीमा गर्दा जीवितै भएको अवस्थामा आफैलाई र आफू मरे पनि सन्तानले फाइदा पाउँछन्।
- जीवन बीमा गर्नाले पैसाको बचत हुन्छ र बीमाको अवधि। पश्चात् वोनस समेत जोडेर फिर्ता पाइन्छ।
- बीमा जोखिम वा विपत्तिबाट बच्ने उत्तम उपाय हो।

केही चलन चल्तीका बीमाहरु :

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- **स्वास्थ बीमा :** स्वास्थ बीमाले स्वास्थ उपचार र अस्पताल बस्नुपर्ने अवस्थाको खर्च समेट्छ, जस्तै : बिरामी, दुर्घटना हुँदा ।

- **जीवन बीमा :** परिवारका सदस्यको दुर्घटना हुँदा यसले वित्तीय सुरक्षा अर्थात आर्थिक राहत प्रदान गर्दछ ।

- **सम्पत्ति बीमा :**यसले आगलागी चोरी जस्ता घटनाबाट सम्पत्तिको हानी नोक्सानी हुँदा सहयोग पुऱ्याउँछ, जस्तै : घर, सवारीसाधन, पशुधन, बालीनाली, साथै अन्य सम्पत्तिहरूको हानी नोक्सानी ।



बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू:

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- बीमा गरेको संस्था सरकारबाट इजाजत प्राप्त गरेको हो वा होइन र बीमा गराउने व्यक्ति आधिकारिक व्यक्ति हो होइन बुझेर मात्र बीमा गर्नुपर्छ ।
- आफूले गराउन खोजेको बीमाबाट पाइने सुविधा के के हुन् ? कस्तो कस्तो अवस्थामा त्यो सेवा पाइने हो त्यसबारे स्पष्ट जानकारी लिनु पर्छ र बीमा गराउँदा बनाइएका कागजातहरूको प्रतिलिपि आफूसँग पनि राख्नु पर्दछ ।
- राम्ररी कुरा नबुझी हतार गरी बीमाको लागि पैसा बुझाइहाल्नु हुँदैन, आफ्ना विश्वासिला मानिससँग सल्लाह लिएरमात्र पैसा बुझाउनु पर्छ ।
- बीमा सम्बन्धी नीति नियमहरू फेरिइरहन पनि सक्ने हुनाले समय समयमा त्यसबारे जानकारी लिनुपर्दछ ।
- आफूले कुन किसिमको बीमा गर्ने हो । आफ्नो पायकमा पर्ने बीमा गर्ने संस्थाबाट वा सोसँग सम्बन्धित कार्यालयबाट पूरा जानकारी लिएर बीमा गर्दा सजिलो र भरपर्दो हुन्छ । जस्तै : बालीनाली बीमा सम्बन्धी कृषि कार्यालय, स्वास्थ्य सम्बन्धी स्वास्थ्य कार्यालय आदिबाट जानकारी लिन सकिन्छ ।

विप्रेषण

nbi
NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने वा झिकाउने काम विप्रेषण हो । यसलाई मनी ट्रान्सफर वा रेमिटयान्स पनि भन्दछन् ।

विप्रेषण गर्ने विभिन्न माध्यमहरू छन् तिनलाई विप्रेषण सेवाप्रदायक पनि भन्दछन् । ती औपचारिक र अनौपचारिक हुन् ।

औपचारिक माध्यमहरु :

१. कम्पनीहरू: जस्तै : वेस्टर्न युनियन, आइ.एम.इ., नविल रेमिट, हिमाल रेमिट, सहारा आदि तथा विप्रषयाको कारेबार गर्ने बैङ्क तथा वित्तीय संस्थाहरू ।

अनौपचारिक माध्यमहरु :

१. हुण्डी/व्यापारी वा व्यक्तिहरु

विप्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू:

पैसा पठाउँदा औपचारिक माध्यम अर्थात सरकारको इजाजत प्राप्त कम्पनी वा विप्रेषणको अनुमति लिएका बैंक तथा वित्तीय मार्फत् मात्रै पठाउनु पर्दछ।

- पैसा पठाउँदा कति कमिशन लाग्ने हो, कति समयमा पुग्छ र कत्तिको झन्झटिलो छ विचार गर्नुपर्दछ।
- पैसा पठाउनु अघि डलरको वा पठाउने विदेशी मुद्राको सटही दर बढ्दो वा घट्दो के छ त्यो विचार गरी राम्रो सटही दर भएको अवस्थामा पठाउनु राम्रो हुन्छ।
- पैसा पठाउँदा त्यो कम्पनी कत्तिको प्रतिष्ठित र विश्वासिलो हो त्यो पनि थाहा पाउनु पर्दछ।
- पैसा पठाएपछि त्यसको प्रमाण रसिद, कोड नं. आदि अनिवार्य लिनु पर्दछ र कुनै कागजातहरू पेश गरेको भए तिनको प्रतिलिपि लिई सुरक्षित राख्नु पर्दछ।
- बैङ्क खाता खोली खातामा नै पैसा पठाउनु अझ सबभन्दा राम्रो उपाय हो।
- अनौपचारिक माध्यम अर्थात व्यक्ति, हुण्डीमार्फत पैसा पठाउनु हुँदैन।

विप्रेषणको प्रयोग

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

- विप्रेषणको पैसालाई कुनै व्यवसाय सञ्चालन ,शिक्षा, स्वास्थ्य,बचत जस्ता अति आवश्यक काममा मात्र खर्च गर्नु पर्दछ ।
- सम्पत्ति जोड्ने,(जस्तै : जग्गा जमीन किन्ने आदि) वा सम्पत्ति बढ्ने अन्य कामहरुमा पनि विप्रेषणलाई प्रयोग गर्न सकिन्छ ।
- कुनै व्यवसाय सञ्चालन गरी स्व-रोजगारी सिर्जना गर्नु र अरुलाई समेत रोजगारी दिने व्यवस्था मिलाउने विप्रेषणको सही अर्थात पछि सम्मलाई फाइदा पुर्‍याउने प्रयोग हो ।

- विदेशमा सिकेको कुनै सीप छ भने विप्रेषणबाट आएको पैसालाई सोही सीप अनुसारको व्यवसाय सञ्चालनमा प्रयोग गर्नु झन् फाइदामूलक हुन सक्दछ ।
- विप्रेषणको पैसालाई महँगा र विलासी वस्तुको प्रयोग,भोज भतेर,दान उपहार, तडक-भडक आदिमा खर्च गर्नु हुँदैन ।

विप्रेषण उपयोग कहाँ ?



स्रोत : नेपाल राष्ट्र बैंक

NATIONAL BANKING INSTITUTE
"The Banking Academy Of Nepal"

निष्कर्ष

- फजुल खर्च रोकी बचत गर्ने गरौं ।
- बचतको लागि औपचारीक माध्यम रोजौं ।
- पारिवारिक बजेट बनाएर जीवनयापन गरौं ।
- आवश्यक कामको लागी ऋण लिएर नियमित रुपमा ऋण तिरौं ।
- विप्रेषणको सहि उपयोग गरौं ।
- जीउ, धन वा व्यवसायको बीमा गरौं ।
- वित्तीय साक्षरता तर्फ अग्रसर बनौं ।